# श्री भरतपुरी माध्यमिक विद्यालय
## Shree Bharatpuri Secondary School
जैमिनी नगरपालिका-३, नेपाने, बागलुङ
Jaimini Municipality-3 Nepane, Baglung
स्था-२०१० (2010)

पत्र संख्या:०८३/०८४
च. नं.: ०३

मिति: २०८३/०४/१९

श्री यो जो जससँग सम्वन्धित छ ।

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धि सुचना ।**

प्रस्तुत विषयका सम्वन्धमा यस विद्यालयमा प्राथमिक तह, तृतीय श्रेणीको १ (एक) शिक्षक दरवन्दी रिक्त हुन गएकोले उक्त रिक्त दरवन्दीलाई पदपुर्ति गर्न स्थायी शिक्षक सरुवाको लागि जैमिनी नगरपालिकाको च.नं.१०६, मिति २०८३/०४/१९ अनुमति पत्रानुसार र २०८३/०४/१९ गतेको वि.व्य.स. बैठकको निर्णय बमोजिम शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) को सरुवा सम्वन्धि व्यवस्था अनुसार उक्त दरवन्दी शिक्षक सरुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकाले प्राथमिक तह तृतीय श्रेणीको स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य इच्छुक शिक्षकवाट यो सूचना प्रकाशित भएको मिति देखि १५ दिनको (२०८३/०५/०२) गते सम्म, कार्यालय समयभित्र सरुवा सहमतिको लागि दरखास्त आह्वान गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु :

१. सरुवाको लागि निवेदन ।
२. नेपाली नगरिकताको प्रमाणपत्रको प्रमाणित पूतिलिपि ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी/अस्थायी नियुक्तिको प्रमाणपत्र प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरुको हाजिरी भएको कागजात ।
७. असाधारण तथा बेतलवी विदा लिए/नलिएको सम्वन्धित कागजात ।
८. विद्यालयको सहमति पत्र ।
९. सम्वन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षा नियमावली (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाणपत्र/कागजात ।
११. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानूनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च :** दरखास्त बुझाउँदा विद्युतिय माध्यमबाट विद्यालयको इमेल ठेगाना Gmail: bharatpurisecondary432@gmail.com मा आवश्यक कागजातहरुको पि.डि.एफ. फाइल पठाउन सकिने छ वा विद्यालयमा सम्पर्क गरी प्रत्यक्ष उपस्थित भएर बुझाउन सकिने छ ।

थप जानकारीका लागि: ९८४७६५५८३८ (सुचना अधिकारी) ९८४७६६३६७३ (प्र.अ.) ९७६४५१४९०२ (वि.व्य.स. अध्यक्ष)

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, बागलुङ् जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, जैमिनी नगरपालिका जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
३. श्री जैमिनी नगरपालिका ०३, वडा कार्यालय जानकारीको लागि ।
४. विद्यालयको सूचना पाटी तथा वेबसाइट प्रकाशनका लागि ।

प्रधानाध्यापक

हेमलाल पौडेल
प्रधानाध्यापक

CamScanner